front.qxd 8/3/2012 12:13 AM Page 1
CMYK



# अन्नपूर्ण पोष्ट

वर्ष ११, अंक ९५ पृष्ठ १६+८+८
★ काठमाडौं उपत्यका संस्करण ◆ मूल्य : रु. १०
काठमाडौं र इटहरीबाट एकैसाथ प्रकाशित

साथमा आठ पृष्ठको परिशिष्टांक




म्युजिक भिडियोमा उमेशको उमंग १६



एस र ट्रिनिटीको विजयी सुरुआत १५

खाना पकाउने ग्यासको घाटा घट्दै १२



पूर्वमा अपराधीसँग 'स्पट इन्काउन्टर' गरिने ८

काठमाडौं, शुक्रबार, १९ साउन २०६९ ◆ भाद्र कृष्णपक्ष प्रतिपदा, नेपाल संवत् ११३२ Friday, August 3, 2012 ◆ www.annapurnapost.com

## संक्षेप

### गाईजात्रा आजदेखि

**काठमाडौं** : उपत्यकाका तीनै सहरमा मनाइने परम्परागत सांस्कृतिक उत्सव 'गाईजात्रा' शुक्रबारदेखि आठ दिनसम्म विभिन्न कार्यक्रम गरी मनाइँदैछ । गाईजात्राको पहिलो दिन वर्षभित्र दिवंगत आफन्तको सम्झनामा गाई वा मानिसलाई गाईका रूपमा सिँगारी परिक्रमा गराउने र उनीहरूलाई दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान गर्ने गरिन्छ। यसरी नगरपरिक्रमा गर्नाले वर्षभर मृत्यु भएका व्यक्तिहरू गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने विश्वास छ। गाईजात्रा पर्वका क्रममा सामाजिक विकृतिप्रति व्यंग्य प्रदर्शन, नाचगान तथा मृतकको सम्झनामा रामायणवाचन र करुण रसका गीत पनि गाइन्छन्। जात्राका क्रममा पाटनमा देखाइने सत्य युगको धान, चामलको नमुना, काठमाडौंको ठमेलमा देखाइने स्वर्ण तथा रजताक्षरमा लेखिएका पुस्तक विशेष दर्शनीय मानिन्छन्। —रासस

( गाईजात्रा विशेष सामग्री रंगमा )



तस्बिर : उमा बिष्ट

जनैपूर्णिमाका अवसरमा बिहीबार पशुपतिनाथ मन्दिरमा रक्षाबन्धन गरिँदै। यस पर्वमा जनै फेर्ने र नाडीमा डोरो बाँध्ने चलन छ। **(फोटो फिचर पृष्ठ २ मा)**

# पुनर्स्थापनामा जान एमालेभित्र दबाब

नरेन्द्र साउद

**काठमाडौं,** १८ साउन : संविधानसभा पुनर्स्थापना गर्नु नहुने स्थायी समितिको निर्णय सच्याउन एमाले पूर्वसभासद्ले नेतृत्वलाई दबाब दिएका छन्। पुनर्स्थापनालाई अस्वीकार गरी ताजा जनादेशमा जानुपर्ने स्थायी समितिको दुई साताअघिको निर्णयले मुलुक र स्वयं पार्टीभित्रको समस्यालाई समेत निकास नदिने पूर्वसभासद्को तर्क छ।

विघटित संविधानसभाका गतिविधि सम्बन्धमा श्वेतपत्र जारी गर्न सचिव शंकर पोखरेल नेतृत्वमा गठित कार्यदलसँग बिहीबारको छलफलमा पूर्वसभासद्ले सहमतिमा संविधानसभा पुनर्स्थापना गरी संकटको निकास दिनुपर्ने धारणा राखेका थिए।

अध्यक्ष झलनाथ खनाल, वरिष्ठ नेता माधवकुमार नेपाल र महासचिव ईश्वर पोखरेलको उपस्थितिमा भएको छलफलमा पूर्वसभासद्ले संविधानका विवादित विषयमा सहमति खोजेर केही समयका लागि संविधानसभा पुनर्स्थापना गरी संविधान जारी गरेपछि मात्र निर्वाचनमा जानु उपयुक्त विकल्प हुने सुझाव दिएका थिए। स्थायी समितिको साउन ३ को बैठकले संविधानसभा पुनर्स्थापना गर्नु संवैधानिक र राजनीतिक दृष्टिले समेत अनुचित हुने निष्कर्ष निकाल्दै सहमतिको सरकार बनाएर ताजा जनादेशमा जानुपर्ने निर्णय गरेको थियो। पुनर्स्थापनाका पक्षमा लबिङ गरिरहेका पार्टीका पूर्वसभासद्लाई आफ्नो अभियान रोकेर पार्टी निर्णयका पक्षमा जुट्नसमेत बैठकले निर्देशन दिएको थियो। बिहीबारको छलफलमा २८ पूर्वसभासद्ले पुनर्स्थापनाको विकल्प बन्द गर्ने स्थायी समितिको निर्णय सच्याउन माग गरेका थिए।

पूर्वसभासद् भीम आचार्य, लालबाबु पण्डित, रामनाथ ढकाल, रवीन्द्र अधिकारी, राजबहादुर बुढा, धीरेन्द्रबहादुर श्रेष्ठ, रत्न गुरुङ राधा ज्ञवाली, हर्कबहादुर सिंहलगायतले 'पुनर्स्थापनाको ढोका बन्द गरेर अन्य विकल्पमा मात्र छलफल गर्ने निर्णय राजनीतिक निकासका लागि बाधक बन्ने' धारणा व्यक्त गरेका थिए। संविधान जारी नगरी निर्वाचनमा जान सम्भव नहुने धारणा अधिकांशले व्यक्त गरेको जानकारी पूर्वसभासद् ढकालले दिए। 'राजनीतिक र संवैधानिक संकटको निकास खोज्ने मूल काम पार्टीले बिर्स्यो कि भन्ने चिन्ता छ', ढकालले भने, 'संविधानका महत्त्वपूर्ण विषयमा सहमति खोजेपछि मात्र पुनर्स्थापना कि निर्वाचन, जुन विकल्पमा गए पनि हुन्छ भन्ने धारणा राखें।' उनले प्रधानमन्त्री बाबुराम भट्टराईले सत्ता छोडेर नयाँ सरकार गठन हुँदैमा संकटको निकास निस्कन नसक्नेतर्फ नेतृत्वको ध्यानाकर्षण गराएको बताए।

अधिकारीले संविधानसभा विघटन हुनुमा सभासद् मात्र कि नेता पनि दोषी हुन् भनी प्रश्न गरेका थिए। 'संविधानसभा मात्र असफल भयो कि १२ बुँदेयताका सबै पहल असफल भए भन्ने प्रश्न उब्जेको छ', अधिकारीले भने, 'संविधानसभा मात्र असफल हो कि नेताहरू पनि भन्नेमा प्रस्ट हुनुपर्छ।' संविधान नबनाई अर्को चुनावमा जान कठिन हुने तर्क गर्दै अधिकारीले भने, 'संसद् र संविधानसभा फरक विषय हो भन्ने बुझ्न जरुरी छ। संविधान बनाएर चुनावमा जानु उपयुक्त विकल्प हो।'

बुढाले संविधानसभाले टुंग्याएका कामको रक्षा गर्न पनि पुनर्स्थापना हुनुपर्ने धारणा राखेका थिए। पण्डितले संघीयतामा दलहरूबीच सहमति जुटाएर केही समय पुनर्स्थापना गरी संविधान जारी गर्नुपर्ने बताएका थिए। केहीले जनजाति नेताको असन्तुष्टि सम्बोधन गर्न पनि पुनर्स्थापनाको विकल्प खुला राख्नुपर्ने तर्क गरेका थिए। आचार्यले पनि संविधानसभा पुनर्स्थापनाकै पक्षमा बोलेका थिए।

पार्टीअध्यक्ष खनालले स्थायी समितिको निर्णयबारे केन्द्रीय कमिटीमा छलफल हुने बताएका थिए। उनले संविधानसभा पुनर्स्थापनामा जाने कि नजाने भन्ने विषय अरू दलसँगको छलफलमा पनि भर पर्ने बताएका थिए।

# झाडा र आउँबाट आठको मृत्यु

शिवप्रसाद उप्रेती

**गोरखा,** १८ साउन : हिमालपारि रहेको प्रोक गाविसका दुईवटा गाउँमा दुई सातादेखि फैलिएको रगतमासी (आउँ) र झाडाबान्ताबाट आठजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा धेरै बालबालिका छन्। गाउँमा ५० जनाभन्दा धेरै बिरामी परेका छन्। २१ जना सिकिस्त छन्।

मृत्यु हुनेमा प्रोक छाकका टासी लामाकी डेढ वर्षकी छोरी पेमा साङ्बो, पासाङछिरिङलामाकी डेढ वर्षकी छोरी कुन्साङधावा, पेमाघ्याल्बो लामाकी पत्नी ६५ वर्षीया छ्युङ्दी, गापका छिरिङ लामाकी पत्नी ६४ वर्षीया फुर्बू, प्रोक क्वाकका छिरिङरनेर लामाकी एक वर्षकी छोरी, धावातेन्जेन लामाका छोरा, पेमारंगे लामाकी डेढ वर्षकी छोरी र पेमावांगे लामाका एक वर्षका छोरा छन्।

झाँडाबान्ता फैलिएको खबर पाएपछि लार्के प्रहरीचौकीका प्रहरी त्यहाँ पुगेका छन्। त्यहाँ पुगेका प्रहरीलाई उद्धृत गर्दै प्रहरीनिरीक्षक गौतम मिश्रले बिरामीमा टाउको र पेट दुख्ने, बान्ता हुने, रिंगटा लाग्नेलगायत समस्या देखिएको बताए।

गापकी फुर्बूको गत आइतबार दिनभर पखाला चलेपछि राति मृत्यु भएको छोरा दावाले बताए। 'दिनभर झाडा र बान्ता भयो। राति त बित्नुभयो', दावाले भने।

प्रोक ७ नाम्रुङमा रहेको इलाकास्तरीय स्वास्थ्यचौकीका कार्यालय सहायक थार्पा लामाका अनुसार गाउँमा धेरैजना बिरामी छन्। प्रोकमा रोग फैलिएको खबर पाएपछि बिहीबार सिर्दिबास स्वास्थ्यचौकीबाट स्वास्थ्यकर्मीको टोली त्यसतर्फ पठाइएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ।





विदेशी विनिमयदर

| मुद्रा | एकाइ | खरिददर | बिक्रीदर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | ८८.५९ | ८९.१४ |
| युरो | १ | १०९.०३ | १०९.७७ |
| पाउन्ड स्टर्लिङ | १ | १३८.५९ | १३९.४९ |
| स्विस फ्रेंक | १ | ९०.७७ | ९१.३८ |

यो विनिमयदर नेपाल राष्ट्रबैंकबाट निर्धारित हो।








# रद्द लाइसेन्स ब्युँताउँदै प्रधानमन्त्री

पिताम्बर सिग्देल

**काठमाडौं,** १८ साउन : माथिल्लो त्रिशूली १ जलविद्युत् आयोजनाको लाइसेन्स फेरि नेपाल वाटर इनर्जी डेभलपमेन्ट कम्पनीलाई नै दिलाउन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले ऊर्जा मन्त्रालयका सचिवलाई दबाब दिएका छन्।

वाटर इनर्जी डेभलपमेन्टले यसअघि लिएको लाइसेन्सअनुसार आयोजनाको कुनै काम नगरेपछि मन्त्रालयले लाइसेन्स खारेज गरिदिएको थियो।

प्रधानमन्त्री भट्टराईले ऊर्जासचिवलाई उक्त आयोजनाको लाइसेन्स फेरि सोही कम्पनीलाई नै दिनेगरी प्रस्ताव तयार पारेर मन्त्रिपरिषद्मा पठाउन निर्देशन दिएको स्रोतले बतायो। अहिले प्रधानमन्त्रीले नै ऊर्जा मन्त्रालय हेर्दै आएका छन्। दुई सय १६ मेगावाट क्षमताको उक्त आयोजनामा विश्व बैंक र कोरियाली कम्पनीले लगानी गर्ने बताइरहेका छन्। २०६३ साल पुस २४ गते इजाजत पाएको उक्त कम्पनीको लाइसेन्स म्याद गत पुसमा सकिएको थियो। पाँच वर्षसम्ममा सर्वेक्षण नै पूरा नगरेपछि मन्त्रालयले उक्त कम्पनीलाई 'अयोग्य' ठहऱ्याउँदै लाइसेन्स खारेज गरिदिएको थियो।

उक्त कम्पनीका अधिकारीहरूले सरकारका उच्चपदस्थ अधिकारी तथा प्रधानमन्त्रीलाई भेटेर खारेज गरेको लाइसेन्स कायम गरिदिन अनुरोध गरिरहेका छन्। 'काम नगर्ने कम्पनीको लाइसेन्स खारेज गर पनि भन्ने अनि लाइसेन्स खारेज निर्णय उल्ट्याइदिएर हामीलाई पंगु बनाउन खोज्ने ?',

**ऊर्जाले खारेज गरेको लाइसेन्स ब्युँताउने प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्न सचिवलाई दबाब**

प्रधानमन्त्रीको अनुचित दबाबबाट रुष्ट मन्त्रालयका एक उच्चपदस्थ अधिकारीले गुनासो गरे। ऊर्जासचिव हरिराम कोइरालाले काम नगर्ने कम्पनीले लिएको लाइसेन्स खारेज गर्दा आफूले विश्व बैंकको दबाब खेप्नुपरेको बताइरहेका छन्।

'काम गर्न अयोग्य भनेर लाइसेन्स खारेजीमा परेको कम्पनीलाई फेरि लाइसेन्स दिनै मिल्दैन', ऊर्जा मन्त्रालयका अर्का अधिकारीले भने। प्रधानमन्त्री भने खारेज गर्ने निकायमार्फत पुन: दिने प्रस्ताव तयार पार्न लगाएर मन्त्रिपरिषद्बाटै निर्णय गराउने तयारीमा छन्। स्रोतका अनुसार एकदुई दिनभित्रै त्यस सम्बन्धमा निर्णय हुँदैछ।

अनुमति पाएको कम्पनीले सुरुका दुई वर्षमा सर्वेक्षण र पछिल्ला तीन वर्षमा विद्युत् खरिद सम्झौता (पीपीए) तथा वित्तीय व्यवस्थापन गरिसक्नुपर्छ। आयोजनामा विश्व बैंकले स्थापना गरेको अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) र कोरियन कम्पनीले लगानी गर्ने बताउँदै आएका छन्। लाइसेन्स पाएको पाँच वर्षसम्म पनि कुनै काम नगर्ने कम्पनीले आफूअनुकूल आयोजना विकास संझौता (पीडीए) तथा विद्युत् खरिद सम्झौता (पीपीए) भएमात्र आयोजना बनाउने बताउँदै आएका छन्। सुरुमा यो आयोजनाले ७५ मेगावाटका लागि अनुमति पाए पनि क्षमता बढाएर दुई सय १६ पुऱ्याइएको हो।

माथिल्लो त्रिशूली १ जलविद्युत् आयोजनाको कुल लागत चार अर्ब ५० करोड लाग्ने अनुमान छ। आयोजनाको लाइसेन्स सुरुमा वृन्दावन प्रधानांगले लिएर कोरियन कम्पनीलाई सेयर बेचेका थिए।






# 'टाइटानिक' का संगीतकारको धनगढीमा कन्सर्ट

शिवराज भट्ट

**धनगढी,** १८ साउन : 'श्रीमान्श्रीमती दुवैजना दृष्टिविहीन भए कसले सहारा दिने ? दृष्टिविहीन श्रीमान्श्रीमती अस्पतालमा आँखा जाँचका लागि आएका रहेछन्। दृष्टिविहीन भए पनि खाना त चाहियो। श्रीमतीले रोटी पकाउँदै थालीमा राख्दै गइन्। उनले पकाइसकिन् र थाली समातिन् तर थालीमा रोटी थिएन। श्रीमान्श्रीमतीको बाझाबाझ नै भयो। श्रीमतीको आरोप थियो आफूले बल्लतल्ल पकाएका सबै रोटी श्रीमान्ले खाइदिए। तर रोटी त सबै बाँदरले खाइदिएको थियो। म यो घटना सम्झिरहन्छु', प्रख्यात अंग्रेजी चलचित्र टाइटानिकका संगीतकार पल पीबडीले भने।

नेपाल नेत्रज्योति संघ गेटा आँखा अस्पतालले आयोजना गरेको पल पीबडीको सांगीतिक कार्यक्रमको सुरु नै उनले उक्त भनाइबाट गरेका थिए। आँखा अस्पतालभित्र धर्मशाला बनाउन आर्थिक संकलनका लागि संगीतकार अमेरिकी नागरिक पिबडी धनगढी आएका हुन्। उनको नेपाल भ्रमण पहिलो हो।

आफ्नो संस्था 'हेल्प मी सी' बाट उनी धनगढी आएका हुन्। टाइटानिकमा दिएको संगीतका कारण उनी विश्वमै संगीत क्षेत्रको सबैभन्दा ठूलो 'ग्रामी' अवार्डबाट सम्मानित व्यक्तित्व हुन्। 'एकै दिनमा दुई सय



पल पीबडी

३६ जना आँखाका रोगीको शल्यक्रिया गरिएको गेटा अस्पतालको नाम सुनेको हुनाले मैले यहाँका बिरामीलाई सहयोग गर्न चाहेको हुँ', पत्रकारको जिज्ञासामा उनले भने, 'यस क्षेत्रको गरिबी र अशिक्षाले पनि मलाई यहाँ आउन उत्प्रेरित गऱ्यो।' गेटा आँखा अस्पतालका डाक्टर विद्याप्रसाद पन्तले एक्लै एकै दिनमा दुई सय ३६ जनाको आँखाको शल्यक्रिया गरी विश्वरेकर्ड राखेका थिए।

धनगढी ओम ग्रुपले व्यवस्थापन गरेको पिबडीको सांगीतिक कार्यक्रममा उनले १० मिनेटको पश्चिमा शास्त्रीय संगीत र टाइटानिक चलचित्रको 'आई हर्ट विल गो अन...' बोलको गीतमा भ्वाइलिनको संगीत सुनाए। 'संगीत मधुर हुनुपर्छ। मधुर संगीत सबैले मन पराउँछन्', उनले भने। नेपाल नेत्रज्योति संघका कलाकारको सक्षम ब्यान्डसँग पल पीबडीले बजाएको मालश्री धुनले त धनगढीको ओम प्यालेसमा जम्मा भएका झन्डै ६ सय श्रोतालाई भावुक बनायो। 'यो नेपालमा सबैभन्दा बढीले मन पराउने संगीत रहेछ। मैले हिजो मात्र नेपाल नेत्रज्योति संघका दृष्टिविहीन कलाकारसँग रिहर्सल गरेको थिएँ', पिबडीले भने।

टाइटानिकनामक पानीजहाज डुबेको सत्य घटनामा आधारित चलचित्र अहिले पनि चर्चित छ। अमेरिकाका लागि महँगो कलाकारका रूपमा चिनिने पीबडी नेपालमा नि:शुल्क आएका हुन्। 'उ यो कन्सर्टमा झन्डै १० लाख संकलन भएको छ', अस्पतालका निर्देशक डाक्टर पन्तले भने।


